स्थानीय सरकार

# मैवाखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प्रदेश नं. १, साँघु, ताप्लेजुङ

स्था: २०७३

अध्यक्ष:- ९८५२६६०१३४
उपाध्यक्ष:-९८५२६६०१३५
प्र.प्र.अ:- ९८५२६६०१३६
कार्यालय:- ९८४२६९९९५८


पत्र संख्या:- २०८०/०८१ मिति: २०८१/०३/१४

चलानी नं.: ५८ ने.सं. ११४४, तछलगा, सप्तमी

## समुदायमा आधारित पुनःस्थापना सहजकर्ता पदका लागि दरखास्ता आह्वान गरिएको सूचना!

*(प्रकाशित मिति: २०८१-०३-१४)*

मैवाखोला गाउँपालिकाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र उक्त मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि छनोट गरेको कार्यक्रमको साझेदार संस्थासँगको लागत साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त फाराम भर्न आह्वान गरिएको छ। मैवाखोला गाउँपालिकाले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरू भरी पासपोर्ट साईजको फोटो २ प्रति टाँस गरी सोको साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको बैंक भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी पन्ध्र दिनभित्र मैवाखोला गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत प्रशासन शाखामा समक्ष पेश गर्नु पर्नेछ।

रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएको दरखास्त उपर कुनै कारवाही हुने छैन। साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरूको दरखास्त उपर कुनै कारवाही हुने छैन। झुटा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ।

तपसिल

१. विज्ञापन नं., पद र माग संख्याः

| सि.नं. | वि.नं. | पद | किसिम | माग संख्या |
|---|---|---|---|---|
| १ | ११/२०८०/८१ | समुदायमा आधारित पुनःस्थापना (सिविआर) सहजकर्ता | खुला | १ |
| २ | १२/२०८०/८१ | समुदायमा आधारित पुनःस्थापना (सिविआर) सहजकर्ता | समावेशी (अपाङ्गतास) | १ |
| | | जम्मा | | २ |

२. सेवाको किसिमः अस्थायी (करार सेवा)

३. आवश्यक न्यूनतम योग्यता, र अनुभवः-

- क. नेपाली नागरिकता,
- ख. मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,
- ग. पुरुषका हकमा १८ वर्ष पूरा गरी ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष पूरा गरी ४० वर्ष ननाघेको,

स्थानीय सरकार
# मैवाखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
प्रदेश नं. १, साँघु, ताप्लेजुङ
स्था: २०७३

अध्यक्ष:- ९८५२६६०९३४
उपाध्यक्ष:-९८५२६६०९३५
प्र.प्र.अ:- ९८५२६६०९३६
कार्यालय:- ९८४२६११९४८

घ. सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा हुनुपर्ने। तर, छनोट गर्दाका बखत उल्लिखित योग्यता भएका स्थानीय व्यक्तिबाट निवेदन नआएमा जिल्लाका अन्य स्थानीय तहमा रहेका योग्यता पुगेका व्यक्तिहरू मध्येबाट यस मार्गदर्शन बमोजिमको प्रक्रिया पूरा गरी सहजकर्ता छनोट गर्न बाधा नपर्ने,

ङ. नियमित रूपमा तोकिएको फिल्डमा गएर काम गर्न सक्ने व्यक्ति हुनुपर्नेछ,

च. नियमित रूपमा अपाङ्गता भएका व्यक्तिहरूको घरैमा गएर अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई आवश्यक परामर्श, सहजीकरण र समन्वय गर्न सक्ने,

छ. कम्प्युटर तथा कागजी दुवै स्वरूपमा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन तयार गर्न सक्ने।

४. तलव, सुविधा तथा अन्य सेवा शर्तः मासिक रु. २५,०००।– (पच्चीस हजार रुपैयाँ मात्र) र अन्य सेवासुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम हनेछ।

५. उम्मेद्वारको छनोट विधिः लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तर्वार्ता।

६. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान :-

क. गाउँपालिका कार्यालयबाट दरखास्त फाराम प्राप्त गरी उक्त फाराम भरी मैवाखोला गाउँ कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्ने,

ख. समावेशी (अपाङ्गता) तर्फ फाराम बुझाउने उम्मेद्वारहरूले प्रचलित कानून बमोजिम जारी भएको अपाङ्गता परिचय –पत्रको प्रमाणित प्रतिलिपि समेत दरखास्त फारामसाथ पेश गर्नुपर्ने छ।

७. परीक्षा दस्तुरः रु. ३००।— (अक्षरेपी रु. तीन सय मात्र)

८. परीक्षा दस्तुर बुझाउने प्रक्रियाः मैवाखोला गा.पा. तथा लक्ष्मी सनराईज बैङ्क लिमिटेड गा.पा.खाता शिर्षकको मैवाखोला गाउँ कार्यापालिका ग १.१ आन्तरिक रावश्व खाता नं. ०७६०४६२१२४७०३००६ दस्तुर रकमको भौचर र अन्य तोकेको कागजात सहित पेश गर्नुपर्ने छ।

९. दरखास्त फाराम भर्ने मितिः मिति २०८१/०३/१४ देखी २०८१/०३/२८ सम्म।

१०. परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको तीन दिन भित्र २०८१/०३/२८ गते छोटो सूची प्रकाशन गरिनेछ उक्त जानकारी टेलिफोन मार्फत सम्पर्क गरिनेछ साथै यस मैवाखोला गाउँपालिकाको सूचनापाटीमा समेत टाँस गरिने छ।

११. पाठ्यक्रमः दरखास्त फारामसँगै प्राप्त गर्न सकिनेछ।

१२. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाण पत्रहरुको सम्बन्धमा दरखास्त बुझाएको दिन सम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ ।

१३. दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सम्बन्धमा यस गाउँपालिका कार्यालयको ९८५२६६०९३७ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

(लक्ष्मीमाया गोम्दिन)
नि.प्रमुख प्रशासकीय अधिकृत